BROADCAST: 18:40 hrs Date: 22.03.2025

## Former Governor-CM

सिक्किमका पूर्व राज्यपाल गंगा प्रसादले आज मुख्यमन्त्री प्रेमसिंह तामाङलाई मिन्तोग्यागाङमा भेट गर्नुभयो। दुवै नेताले सिक्किममा पूर्व राज्यपालको कार्यकालमा रहँदा उहाँका अविस्मरणीय अनुभवहरू स्मरण गर्दै, न्यानो अभिवादन आदानप्रदान गर्नुभयो। छलफलका क्रममा, सिक्किमको प्रगति र विकासलाई झल्काउने प्राप्त उपलब्धिहरू र भावी दृष्टिकोणलाई प्रकाश पारियो। मुख्यमन्त्रीले पूर्व राज्यपालको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभयो र उहाँको स्वास्थ्यलाभको कामना गर्नुभयो। श्री प्रसादले सिक्किम र यहाँका जनताप्रति प्रेम व्यक्त गर्दै, राज्यको स्थिर विकास र यहाँका जनताको न्यानोपनको प्रशंसा गर्नुभयो।

## Beti Bachao

महिला, बालबालिका, जेष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागद्वारा साङदोर्जीमा आयोजित **"बेटी बचाओ बेटी पढाओ"** को दसौँ वार्षिकोत्सवको जिल्ला स्तरीय समापन समारोहमा क्षेत्र विधायक एरुङ तेन्जिङ लेप्चा उपस्थित हुनुभयो। श्री लेप्चाले सम्बोधनमा राज्यको सर्वाङ्गीण विकासका लागि यस्ता पहल आवश्यक रहेको बताउँदै, केन्द्रीय योजना कार्यान्वयनको महत्त्वमा जोड दिनुभयो। उहाँले कल्याणकारी कार्यक्रमहरू तल्लो तहसम्म पुगेको सुनिश्चित गर्न राज्य सरकारद्वारा गरिएको प्रयासको, विशेष गरी महिला सशक्तिकरणप्रति लक्षित उद्देश्यको, सराहना गर्नुभयो। उहाँले महिलाको सामाजिक र आर्थिक हैसियत अभिवृद्धि गर्न अनि लैङ्गिक समानता प्रवर्धन गर्न सरकारले महिला केन्द्रित योजनालाई ध्यान दिइहेको बताउनुभयो। साथै, उहाँले कन्याहरूलाई उच्च शिक्षामा लाग्न प्रोत्साहित गर्दै, छोरीहरूलाई शैक्षिक र व्यावसायिक सफलता हासिल गर्न सहयोग गर्न अभिभावकवर्गलाई आग्रह गर्नुभयो।

## Tourism & Civil Aviation

पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ टी भोटियाले आज तुमिन-लिङ्गी समष्टीको पर्यटन पूर्वाधारको व्यापक निरीक्षण गर्नुभयो। टोलीले पर्यटन गेस्ट हाउस र अन्य प्रमुख पर्यटकीय स्थलहरूको अवस्था मूल्याङ्कन गर्न, चलिरहेको र भाव परियोजनाहरूबारे छलफल गर्न अनि वृद्धि गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्न भ्रमण गरेको थियो। भ्रमणका क्रममा मन्त्री श्री भोटियाले यस क्षेत्रको पर्यटन सम्भाव्यता प्रवर्धन गर्न पर्यटन सुविधाहरूको सुधार, उचित मर्मतसम्भार र पूर्वाधारको स्तरोन्नतिको महत्त्वमा जोड दिनुभयो। उहाँले पर्यटन विकासका लागि चासो र सुझाव बुझ्न स्थानीय हितधारकहरूसँग अन्तरक्रिया पनि गर्नुभयो। पर्यटन तथा नागरिक उड्डयन विभाग पूर्वाधार विस्तार, कनेक्टिभिटी सुधार र दिगो पर्यटन अभ्यास प्रवर्धन गरी ग्रामीण पर्यटनलाई सुदृढ गर्न प्रतिबद्ध छ। यो निरीक्षण भ्रमण जीवन्त र दिगो पर्यटन क्षेत्रका लागि सरकारको दृष्टिकोणअनुरूप राज्यका सबै निर्वाचन क्षेत्रमा पर्यटन विकास र प्रवर्धन गर्न विभागको व्यापक पहलको एक हिस्सा हो।

## Gyalsing-Laknath

विधायक लोकनाथ शर्माले गेजिङ-बर्मेक समष्टी-अन्तर्गत लोवर बर्थाङमा सिक्किम गरिब अवास योजना-अन्तर्गत नवनिर्मित 17 लाख लागतको घर उद्घाटन गरी लाभार्थी परिवारलाई गृह प्रवेश गराउनुभयो। कार्यक्रममा पश्चिम हि-मार्ताम खण्ड विकास अधिकारी, जिल्ला पञ्चायत, वार्ड पञ्चायत, विभागीय प्रमुख, स्थानीयवासी उपस्थित

थिए। उद्घाटन कार्यक्रममा लाभान्वित परिवारले मुख्यमन्त्री प्रेमसिंह तामाङ र विधायक लोकनाथ शर्माप्रति आभार व्यक्त गरे भने क्षेत्र विधायक श्री शर्माले लाभान्वित परिवारलाई शुभकामना दिनुभयो।

## Gyalsing-Tourism Confereance

गेजिङ जिल्ला-अन्तर्गत मानेबुङ-देन्ताम निर्वाचन क्षेत्रमा आजदेखि उत्तरे नजिकै गुम्पाडाँडामा तीन दिवसीय सिक्किम ग्रामीण पर्यटन सम्मेलन सुरु भएको छ। सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले यस सम्मेलनको आयोजना गरेको हो। यो तीन दिवसीय सम्मेलनको पहिलो सत्रमा उत्तरे सिङसोर ब्रिजमा आज बन्जी जम्पिङको परीक्षण सम्पन्न भयो। यस कार्यक्रममा विभागका सल्लाहकार तथा क्षेत्र विधायक सुदेश कुमार सुब्बा उपस्थित हुनुहुन्थ्यो। बन्जी जम्पिङको परीक्षण नेपालबाट आएका तालिम प्राप्त बन्जी जम्परहरूले गरेका थिए। त्यस टोलीको जानकारीअनुसार, यसको उचाइ 120 मिटर रहेको छ भने यहाँ अन्य धेरै पर्यटनसँग सम्बन्धित जिप लाइलिङहरू पनि हुन सक्ने थप अपेक्षा गरिएको छ। यसरी नै साँझको कार्यक्रममा सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री टीटी भोटिया मुख्य अतिथिका रूपमा उपस्थित हुनुभयो।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 17.4 डिग्री सेल्सियस र न्यूनतम तापमन 10.3 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 16 डिग्री सेल्सियस र न्यूनतम तापमान 10 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।